


एमाले केन्द्रीय शिक्षा तथा मानवस्रोत विभागद्वारा शुक्रबार काठमाडौंमा आयोजित विद्वत् वर्गसँगको अन्तरसंवादमा अध्यक्ष केपी ओलीलगायत । *तस्बिर : विजय राई/नागरिक*

# जेनजी मझेरीमा हरायो 'माओवादी ब्रान्ड !'

**पृष्ठ १ बाट**

'जनताले बाबुरामजीलाई माओवादी भन्छन् भने हामी पनि माओवादी आन्दोलनबाटै आएकाले फरक भन्ने हुँदैन,' पुनले नागरिकसँग कुरा गर्दै भने, 'नेपाली कम्युनिस्ट पार्टी २००६ सालकै ओरिजिनल पार्टी हो । त्यही मूल पार्टीमा बस्दा हामी माओवादी आन्दोलनबाट आएका स्वतः माओवादी नै हुने भयौं । स्थापनादेखिकै मूल पार्टीलाई नै बलियो बनाउन सबै कम्युनिस्टहरू एक भएर हिंड्दा झन् राम्रो र बलियो हुन्छ ।'

माओवाद छोड्दा मन दुखेन भन्ने प्रश्नमा पुनले भने, 'विचारका रूपमा हिजो जनयुद्ध गर्नु जरुरी थियो । जनवादी क्रान्ति गर्नु थियो । त्यसैले माओवादको तरिकाले गर्‍यौं । अब त्योभन्दा अगाडि बढेर समाजवादमा जाँदा समाजवादी क्रान्तिको तरिकाले अगाडि बढ्नुपर्छ ।' उनले थपे, 'माओको अनुभवलाई पनि लिन्छौं तर नेपालको आफ्नै मौलिकताको समाजवाद भनिरहेका छौं । हाम्रै विशेषतासहितको समाजवाद बनाउँछौं । त्यसैमा सबै विचार समेटिन्छन् ।' जनअनुमोदन पनि भएन भनेर धेरै नेता-कार्यकर्ताले मन दुखाएका छन् नि भन्ने प्रश्नमा उनले भने, 'सबैलाई मन नदुखाउन भन्छु । एक चरणको क्रान्ति सम्पन्न भयो । गणतन्त्र आयो । संघीयता कायम भयो । समावेशिता आयो । अब योभन्दा अगाडि जान्छ । जग माओवादी आन्दोलन हो । गौरव गर्नुपर्छ । सिद्धान्तका हकमा महाधिवेशनसम्म पनि छलफल हुन्छ ।' जनार्दन शर्माले गरेको विद्रोहबारे पनि नेता पुनले भने, 'हिजो धेरैले पार्टी छाडे पनि फर्कर आउनुभएको छ । प्रभाकरजीले पार्टी छोड्नुहुन्नथ्यो तर पनि उहाँ घर फर्किनुहुन्छ भन्ने विश्वास छ ।'

पदमा बसेका वा बोल्न नचाहनेले माओवाद छाड्नुको पीडा मनमा दबाए पनि उनीहरू अहिलेको एकताप्रति दुःखी छन् । '२०६६ सालयता माओवादी आन्दोलनको खासै अर्थ देखिएन । उपलब्धि केही थिएन । अहिलेसम्म चुनाव जित्नु र लाभको पदमा जानु मात्र भयो,' माओवादीका एक नेता भन्छन्, 'विकल्पमध्यको उत्तम विकल्प एकता हो । माओवादी भन्दाभन्दै ३२ मा झरेका छौं । अझै माओवाद मात्र भनियो भने मरिच चाउरिएजस्तो अवस्था आउँछ भनेर नेतृत्वले एकता गरेको हो ।'

माओवादी द्वन्द्वको आधार इलाका रोल्पाको माडी गाउँपालिकामा माओवादीबाट निर्वाचित अध्यक्ष अमरसिंह घर्तीले पार्टीले माओवाद छाडेको प्रति दुःखमनाउ गर्नुनपर्ने बताए । 'एकैचोटि छाडेको भए दुख्थ्यो होला, पटकपटक छाडेकाले दुख्दैन । समय परिस्थितिअनुसार परिवर्तन हुनुपर्छ,' उनले भने, 'परिस्थिति सुहाउँदो सबैलाई समेटेर हिँड्दा चित्तदुखाइ गर्नुपर्ने जरुरी छैन ।' रुकुमपूर्वको सिस्ने गाउँपालिकामा माओवादीबाट निर्वाचित अध्यक्ष कृष्ण रेग्मी बदलिएको परिस्थितिअनुसार बदलिनुपर्ने भएकाले एकता भएको बताउँछन् । 'उतिबेला सामाजिक अन्तरविरोध थियो । त्यो बेला माओवाद चाहियो । अब राष्ट्रियता प्रधान भयो अनि राष्ट्रिय शक्ति बनाएर हिँड्नुपर्‍यो,'

उनले नागरिकसँग भने, 'टालाटुली बटुली गरेर ठुलो शक्ति बन्ने त होइन तर पनि बन्दै छ है भन्ने मनोविज्ञान तयार हुन्छ । एकताबद्ध हुन चाहिँ थप कार्यक्रम लिएर जानुपर्छ ।' रेग्मी समय र परिस्थीतिअनुसार बदलिन नसकिएन डाइनोसर बन्ने तर्क गरे । ६ महिनाभित्र महाधिवेशनमा जनअनुमोदन हुन्छ ।'

सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएकाको छानबिन आयोगले पनि गतिलो काम नगरेका कारण संक्रमणकालीन न्याय कुहिरोको कागजस्तै अन्योलमा छ । ६० दिनभित्र सक्ने भनिएका द्वन्द्वकालीन मुद्दा आज पनि अलपत्र हुनुले दलहरू कतिसम्म गैरजिम्मेवार छन् भन्ने प्रमाण दिएको छ । 'सत्ताको स्वादले माओवादी बिग्रिए,' जिल्लास्तरीय एक माओवादी नेता भन्छन्, 'मेरो नाम नलेख्नुहोला कारबाही हान्छन् । साँच्चै नढाटेर भन्ने हो भने माओवादीमा पुरै विचलन आएको छ । व्यवस्था फेरिएर के जनताको अवस्था फेरिएन । अबको चुनावमा माओवादी नेता कहाँ छन् भनेर खोज्नुपर्छ ।' उनी जनयुद्धका पीडितलाई नेतृत्वले जवाफ दिने ठाउँ नै नरहेको बताउँछन् । 'स्थानीय तहका जनप्रतिनिधिका डोजरले गाउँको रोजगारी खोसे । हिजो हाम्रा नेताले जेजे गर्न हुन्न भन्थे त्यो सबै कि त आफूले कि उनका आफन्त र कार्यकर्ताले गर्दै छन् ।'

विगतमा १० वर्ष बन्दुक समाएर अग्रमोर्चामा परिवर्तनका लागि लडेका सहिद परिवार, बेपत्ता परिवार, पूर्वलडाकुको अवस्थाबारे तत्कालीन कुनै पनि माओवादी नेतृत्वलाई जानकारी छैन । कति बिदेसिए, कतिमा अपांगता छ वा अन्य कति लडाकु बिजोग अवस्थामा छन् भन्ने कुनै तथ्यांक नराखेका माओवादीहरूले भाषणमा समेत उनीहरूलाई सम्झिन छाडेका छन् । २०५२ फागुन १ गते रोल्पाको 'होलेरी' इलाका प्रहरी कार्यालय, रुकुमको आठबिसकोट, सिन्धुलीको सिन्धुलीगढीमा रहेका प्रहरी चौकीहरू र गोरखाको च्याङ्लीमा रहेको कृषि विकास बैंक कब्जा गरी माओवादी विधिवत् रूपमा भूमिगत भएको थियो ।

बन्दुकको नालबाट सत्ता प्राप्तिको लक्ष्य बोकेको हिजोका उग्र वामपन्थीले यतिबेला माओवाद भने भुलिसकेका छन् । द्वन्द्वपीडित भन्छन्, 'इतिहास भुले पनि, पहिचान भुले पनि माओवादी द्वन्द्वमा घाइते भएकाहरूको घाउ कसैले नभुलुन् । मृतक परिवार, बेपत्ता परिवार, हिंसापीडित, पूर्वलडाकु, घाइते, अपांगता भएका सबैका पीडामा मलम लगाउने भन्दै गठन गरिएका दुई आयोगले इमानदारीसाथ कर्तव्य पालन गरुन् । रोल्पा रुकुमबाट लडाइँको अग्रमोर्चामा लडेकाहरूको शुभकामना !'

# रास्वपा बैठक सौराहामा

चितवन, कात्तिक २१ (रासस)- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को विस्तारित बैठक शुक्रबार सौराहामा सुरु भएको छ । बिस्तारित बैठक सुरु हुनुअघि बिहान केन्द्रीय समिति बैठकले कार्यतालिका अनुमोदन गरेको हो ।

पार्टीका प्रवक्ता मनिस झाका अनुसार कार्यतालिकासँगै पार्टीको आन्तरिक र राजनीतिक विषयमा छलफल भएको हो । केन्द्रीय समिति बैठकपछि विस्तारित बैठक सुरु भएको उनले बताए । दुई दिन चल्ने बैठकमा महामन्त्री कविन्द्र बुर्लाकोटीले सांगठनिक र सहमहामन्त्री विपिन आचार्यले उम्मेदवार चयनको विधिसम्बन्धी प्रतिवेदन पेस गर्ने तालिका रहेको छ ।

विस्तारित बैठकले पार्टीको आगामी रणनीति तय गर्नेछ । बैठकमा पार्टीका कार्यवाहक सभापति डोलप्रसाद अर्यालले राजनीतिक र अर्का उपसभापति डा स्वर्णिम वाग्लेले आगामी निर्वाचनका लागि प्रतिबद्धतापत्रको मस्यौदा पेस गर्ने छन् । बैठकमा प्रदेश सभापतिहरूले प्रदेशभित्रका जिल्लाको पार्टी संगगठनको अवस्थाबारेमा धारणा राख्ने छन् ।

केन्द्रीय सदस्य राजन गौतमका अनुसार बैठकमा पेस गरिएका प्रतिवेदनमाथि प्रतिनिधिहरूले सुझाव राख्ने र ती सुझावलाई समेटेर परिमार्जन गर्नुपर्ने देखिए परिमार्जनसहित विस्तारित बैठकले पारित गर्ने छ । बैठकमा पार्टीले आगामी फागुनमा तोकेको महाधिवेशनबारे पनि छलफल हुने जनाइएको छ । बैठकमा केन्द्रीय सदस्य, सचिवालय सदस्य, सल्लाहकार परिषद्का सदस्य, केन्द्रीय विभागका पदाधिकारी, प्रदेशका सचिवालय सदस्य, प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय समितिका सभापति, जिल्ला सभापति, विदेशस्थित पार्टी संगठनका पदाधिकारी तथा पालिकाका सभापतिहरूसहित ५१२ जना सहभागी छन् ।

## नेतृत्वको...

**पृष्ठ १ बाट**

माओवादीमा आएको विचलनकै कारण जनयुद्ध लडेका धेरैजसो नेताले दाहालको साथ छाडेका छन् । मोहन वैद्य, बाबुराम भट्टराई, रामबहादुर थापा, सिपी गजुरेल, इन्द्रमोहन सिग्देल, हरिभक्त कँडेल, नेत्रविक्रम चन्द, खड्गबहादुर विश्वकर्मा, धर्मेन्द्र बाँस्तोला, हिसिला यमी, टोपबहादुर रायमाझी, लेखराज भट्ट, लोकेन्द्र विष्ट, हेमन्तप्रकाश ओली, जनार्दन शर्मा, राम कार्की, सुदन किराती, सन्तोष बुढामगर, विश्वभक्त दुलाल 'आहूति', धर्मेन्द्र बास्तोला, नारायण शर्मा, रवीन्द्र श्रेष्ठ, 'असारे काका', उमा भुजेल, सावित्रा दुरालगायत धेरै नेता अहिले दाहालसँग छैनन् । दाहालले माओवाद विसर्जन गर्नुलाई नै कारण देखाउँदै ती नेताहरूले उनको साथ छाडेका थिए । तीमध्ये बाबुराम भट्टराईचाहिँ नेपालमा कम्युनिस्ट पार्टीको आवश्यकता नै छैन भनेर हिँडेका थिए ।

दाहालमाथि नीति, कार्यक्रम, सैद्धान्तिक आधार, आधारभूत मूल्य-मान्यता र विचार सबै छाडेको आरोप छ । माओवादीले आफूलाई अर्को पार्टीसँग विलय गराएजस्तो देखिने गरी एकता गर्दा मार्क्सवादी विचार र कम्युनिस्ट आन्दोलनको पनि विसर्जन भएको आरोप उनीमाथि लगाइएको छ । २०६४ सालको निर्वाचनमा प्रत्यक्षतर्फ झन्डै आधा सिट जितेको माओवादी टुटफुट र आन्तरिक किचलोका कारण २०७९ सम्म आइपुग्दा प्रत्यक्षतर्फ १८ जनामा खस्किनुको कारण पनि विचारमा स्थिरता नभएको आरोपसमेत छँदै छ ।

पार्टीभित्र निरन्तर विभाजन, असन्तुष्टि र नेतृत्वमा केन्द्रित स्वार्थी राजनीति माओवादीको पतनका प्रमुख कारण बनेको भन्दै गुनासो गर्दै आएका कार्यकर्ताहरू राजनीतिबाटै पलायन भएका छन् । माओवादी आन्दोलनको प्रारम्भदेखि नै सशस्त्र संघर्ष, राजनीतिक अभियान र संगठन विस्तारमा निर्णायक भूमिका खेल्ने नेताहरू एकपछि अर्को गर्दै दाहालको नेतृत्वको पार्टीबाट अलग भएपछि माओवाद पनि क्रमशः धुमिल हुँदै विर्सजनमा पुगेको टिप्पणी हुने गरेको छ ।

## चुनावअघि...

केन्द्रीय सदस्य प्रतिमा गौतमले निर्वाचनअघि जसरी पनि पार्टी महाधिवेशन गर्नुपर्ने बताएकी छन् । नाकमा बसेको झिंगा धपाउन तरबार चलाउनु बुद्धिमानी नभएको जनाउँदै उनले भनिन्, 'झिंगा बस्नै नदिने अर्थात् पार्टीभित्र आत्मसफाइ गर्ने समय आएको छ ।'

अर्का केन्द्रीय सदस्य मधु आचार्यले पार्टीको विधान अनुसार ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन माग गरेको जनाउँदै मंसिर २४ गतेका लागि मिति तोक्न माग गरे । बैठकमा केन्द्रीय सदस्यहरू गोविन्द भट्टराई, कल्याणकुमार गुरुङ, चिनकाजी श्रेष्ठ, सरिता प्रसाई, योगेन्द्र चौधरी, किरणराज शर्मा पौडेल, दिनेशकुमार यादव, राजीव ढुंगाना, अर्जुनजंगबहादुर सिंह, सुशीला मिश्र भट्ट, नानु बास्तोला, गंगालक्ष्मी अवाल, गणेश लामा, जीवन राना र सीता थपलिया (उर्मिला) ले आ-आफ्नो धारणा राखेको कांग्रेस केन्द्रीय कार्यालयले जनाएको छ ।

## नेपालमा कम्युनिस्ट विकासक्रम

- २०३० लुम्बिनी अञ्चलमा किसान आन्दोलन
- २०३१ झापा संघर्षका नेता पक्राउ
- २०३१ चौथो महाधिवेशन
- २०३५ निर्मल लामा
- २०३६ भक्तबहादुर श्रेष्ठ महामन्त्री
- २०४० नेकपा चौममा विभाजन
- २०४० कात्तिकमा चौमको राष्ट्रिय सम्मेलन
- २०४२ नेकपा मशालमा विभाजन
- २०४३ सेक्टर काण्ड, दाहाल महामन्त्री
- २०४५ नेकपा मशालको सम्मेलन
- २०४६ संयुक्त जनआन्दोलनको सुरुवात
- २०४७ दाहाल नेतृत्वको नेकपा मशाल
- २०४८ मंसिर ४ एकता महाधिवेशन
- २०५१ मा नेकपा (एकता केन्द्र) को पहिलो राष्ट्रिय सम्मेलन
- २०५१ निर्मल लामाको नेतृत्वमा नयाँ पाटी
- २०५१ फागुन २-४ मा दाहालको नेतृत्वमा फौजी कार्यदिशा निर्माण
- २०५२ माघ २२ गते नेकपा (माओवादी) द्वारा सरकारसँग ४० बुँदे माग
- २०५२ फागुन १ गते जनयुद्ध घोषणा
- २०५३ नेकपा माओवादीको जनयुद्धको समीक्षा
- २०५४ नेकपा माओवादीको छापामार युद्धलाई उचाइमा पुर्‍याउने निर्णय
- २०५५ मा जनयुद्धको आधार इलाका बनाउने नीति
- २०५५ मा सरकारद्वारा माओवादीमाथि 'किलो सेराटु' अप्रेसन
- २०५६ मा सम्पन्न आधार इलाका निर्माणको दोस्रो चरणमा
- २०५७ माघ-फागुनमा माओवादीको दोस्रो राष्ट्रिय सम्मेलन ।
- २०५७ मा गोलमेच सम्मेलन
- २०५८ मा राजदरबार हत्याकाण्ड माओवादीद्वारा गणतन्त्रको घोषणा
- २०५८ मा मंसिर ८ गते युद्धविराम भंग
- २०५८ मंसिरमा देशभर संकटकालको घोषणा
- २०५९ एकता केन्द्र र मसालबिच पार्टी एकता
- २०५९ मा माओवादी नेताहरूलाई आतंकवादी घोषणा र रेडकर्नर नोटिस जारी
- २०५९ माघ १५ गते दोस्रोपटक युद्धविराम
- २०६० माओवादी जनयुद्ध जारी
- २०६० ज्येष्ठमा चुनवाङ बैठकबाट राजनीतिक प्रतिस्पर्धा गर्ने निर्णय
- २०६१ माओवादीमा रणनीति प्रत्याक्रमण
- २०६२ मा माओवादीद्वारा सात डिभिजन जनमुक्ति सेनाको घोषणा
- २०६२ माचुनवाङबाट लोकतान्त्रिक गणतन्त्रको कार्यदिशा पारित
- २०६२ कात्तिकमा एमालेका नेताहरू वामदेव गौतम र युवराज ज्ञवालीबिच रोल्पामा वार्ता
- २०६३ वैशाख ११ गते संसद पुनःस्थापनाको घोषणा
- २०६३ असार २ गते २५ वर्ष लामो भूमिगत राजनीतिबाटदाहाल सार्वजनिक
- २०६३ मा मंसिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर
- २०६४ चैतमा संविधानसभाको निर्वाचन । नेकपा (माओवादी) बहुमत स्थानमा विजयी
- २०६७ प्रचण्डको प्रस्तावका विरुद्ध मोहनवैद्य र डा. बाबुराम भट्टराईको फरक मत ।
- २०६८ मा एकीकृत नेकपा (माओवादी) का नेता डा. बाबुराम भट्टराई प्रधानमन्त्री ।
- २०६९ जेष्ठ ३ गत मोहन वैद्यको नेतृत्वमा नेकपा माओवादीको गठन ।
- २०६९ असारमा एकीकृत नेकपा (माओवादी) औपचारिक रुपमा विभाजित
- २०६९ माघ महिनामा नेकपा माओवादी द्वारा सातौं महाधिवेशनको
- २०७१ मोहन वैद्य समूहमा विभाजन
- २०७२ मा डा. बाबुराम भट्टराईको नेतृत्वमा नयाँ शक्ति पार्टीको गठन ।
- २०७३ रामबहादुर थापाको नेतृत्वमा नयाँ दल
- २०७४ असोज मा नेकपा एमालेसँग पार्टी एकता गर्ने प्रतिबद्धता
- २०७५ जेठ ३ गते नेकपा एमाले र नेकपा माओवादीबिच पार्टी एकीकरण
- २०७६ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्र मतभेद सुरु,
- २०७७ नेकपामा वैचारिक मतभेद पुस
- २०७७ फागुनमा सर्वोच्चद्वारा नेकपाको एकता भंग
- २०७८ आठौं राष्ट्रिय महाधिवेशन
- २०८२ नवौं महाधिवेशन आयोजक कमिटी गठन
- २०८२ कात्तिक १९ गते नेपाली कम्युनिस्ट पार्टीमा रूपान्तरण

# 'सुत्र' लागु नहुँदा वित्तीय अनुशासन र सुशासनमा व्यवधान

**पृष्ठ १ बाट**

सुत्र प्रणाली लागु गर्नु भनेर पटकपटक परिपत्र गरिएको भए पनि स्थानीय तहलाई बाध्यकारी बनाउन नसकेको उपमहालेखा नियन्त्रक यज्ञप्रसाद ढकाल बताउँछन् । सुत्र कार्यान्वयन नगरेमा कारबाही हुने प्रावधान छैन । स्थानीय तहले अटेरी गर्ने, समयमा तथ्यांक उपलब्ध नगराउनेलगायत समस्या छन् । यो प्रणालीको कमजोर प्राविधिक क्षमता र जनशक्ति पनि अभाव छ ।

'सुत्र कार्यान्वयनका लागि हामीले सबैभन्दा बढी क्षमता विकास र पूर्वाधारमा लगानी गर्नुपर्छ । पर्याप्त दक्ष जनशक्ति पनि छैन', ढुंगानाले भने । सुत्रमा दैनिक औसत पाँचदेखि ६ हजार प्रयोगकर्ता छन् । यसको क्षमता बढाएर औसत १५ हजार जनाले चलाउँदा पनि समस्या नहुने गरी तयार पार्न आवश्यक रहेको उपमहालेखा नियन्त्रक ढकाल बताउँछन् । स्थानीय तहलाई यो प्रणाली कार्यान्वयन गर्न बाध्यबारी बनाउने र त्यसका लागि केही हस्तक्षेप गर्ने हो भने सुधार हुने उनलाई लागेको छ ।

सुत्र कार्यान्वयनमा ल्याउनुको अर्थ राजस्वको पारदर्शिता, सञ्चित कोषमा हुने अनियमितता नियन्त्रण, एकीकृत वित्तीय तथ्यांक प्रणालीको विकास, नीति निर्माणका लागि सही तथ्यांकमा आधारित निर्णय, लेखापरीक्षणलगायत प्रक्रियालाई सहज बनाउनु हो । यो प्रणाली कार्यान्वयनमा समस्या भएपछि लक्ष्य प्राप्तिमा चुनौती थपिएको छ । महालेखा परीक्षकको ६२ औं प्रतिवेदनमा सुत्र प्रभावकारी कार्यान्वन नहुँदा स्थानीय तहको वित्तीय विवरणको विश्वसनीयतामा प्रश्न उठाइएको छ ।

'महालेखा नियन्त्रक कार्यालयले स्थानीय तहको कोष व्यवस्थापनका लागि सुत्रको प्रयोग गरे पनि राजस्व, धरौटी तथा विभिन्न कोषहरू उक्त प्रणालीमा पूर्ण रुपमा समावेश भएका छैनन्', महालेखा परीक्षकको प्रतिवेदनमा भनिएको छ, 'स्थानीय तहले स्थापना गरेका धरौटीसमेतका विभिन्न कोष सुत्रमा आबद्ध नहुँदा प्रणालीबाट तयार हुने वित्तीय विवरणको विश्वसनियता कम भएको हुनाले सबै कारोबारलाई प्रणालीमा समावेश गर्नुपर्छ ।'

**सम्भावित जोखिम र भावी कार्यदिशा**

स्थानीय तहहरूले मनपरी सफ्टवेयर वा म्यानुअल प्रणालीमार्फत सञ्चित कोष व्यवस्थापन गर्दा वित्तीय अनियमितता लुकाउने ठाउँ रहन्छ । लेखापरीक्षण गर्न कठिन हुन्छ, र सम्पूर्ण तथ्यांक समेटिएको केन्द्रीय ड्यासबोर्ड बन्न सक्दैन । निजी क्षेत्रबाट सञ्चालित प्रणाली चलाउँदा तथ्यांकमा तलमाथि हुन सक्ने र हराउने जोखिम रहने हुँदा त्यस्ता सफ्टवेयरलाई विश्वसनीय मान्न नसकिने उपमहालेखा नियन्त्रक ढकाल बताउँछन् । सुत्र पूर्ण रूपमा कार्यान्वयनमा आए निजी सफ्टवेयर खरिद, मर्मतसम्भार तथा सेवा शुल्कका रूपमा हुने जथाभावी खर्च पनि नियन्त्रण हुने छ ।

तहगत सरकारबिच समन्वय नहुँदा तथ्यांक दोहोरिने विसंगति हुन सक्छ । गलत सूचना तथा तथ्यांकका आधारमा नीति तथा वार्षिक बजेटलगायत योजना बन्ने जोखिम पनि उत्तिकै छ । वित्तीय प्रणालीमा विकेन्द्रीकरण वा त्यसमा पारदर्शिता नभएसम्म संघीयता केवल नाम मात्रको रहन्छ । यस्तो प्रणालीविहीन अवस्थाले अन्ततः संघीय शासनमा जनताको विश्वास डगमग्याउने सम्भावना रहन्छ ।

सुत्र कार्यान्वयनमा भएको ढिलाइका पछाडि सबै तह उत्तिकै जिम्मेवार रहेको यो प्रणालीको प्रभावकारिताका जानकार बताउँछन् । उनीहरूका अनुसार संघीय सरकारले नीति निर्माण, सफ्टवेयर निर्माण तथा अनुगमन, प्रदेश सरकारले प्राविधिक तथा प्रशासनिक समन्वय र स्थानीय सरकारले कर्मचारीको क्षमता विकास तथा प्रणालीको नियमित प्रयोगलाई प्राथमिकता दिनुपर्छ । संघीय सरकारले कार्यान्वयन निर्देशिका, स्पष्ट समयसीमा र परिणामअनुसार मूल्यांकन प्रणालीको विकास गर्न उत्तिकै जरुरी छ ।

सुत्र प्रविधि मात्र नभइ स्थानीय तहका लागि वित्तीय अनुशासन, पारदर्शिता, र सुशासन कायम गर्ने महत्त्वपूर्ण आधार हो । सरकारी निर्णय कार्यान्वयन हुन ६ वर्षभन्दा बढी समय लाग्नुले यसप्रति राज्य संयन्त्रको असहयोग भएको टिप्पणी उनीहरूको छ ।


**VACANCY ANNOUNCEMENT**

Nepal Anti-Tuberculosis Association (NATA) is a non-governmental, non-profit making voluntary organization working to raise public awareness against Tuberculosis (TB) and adopting preventive and curative measures towards the control of the disease.

NATA invites applications from qualified Nepali citizens for the following position.

| Position | Eligibility |
|---|---|
| **Defaulter Chaser -1** *( KTM based )* Duration: (Dec 2025 to 16th July 2027) | Education qualification: Intermediate<br>Age Limitation: Below 45 years.<br>(Priority will be given to the candidate with health background, experience in relevant work & individual with past history of TB/TB Survivor) |

Send your application and CV at: **humanrcs2011@gmail.com**
**by 14th November, 2025 before 5:00 pm**

Only short- listed candidates will be called for the selection process

*Qualified candidate from minorities, indigenous group, women and people with disability are highly encouraged to apply.*
*NATA is committed to Child Safeguarding Policy and ensure all our staff and project is safe for children and candidates will be, subject to strict background checks.*

**वर्गीकृत विज्ञापन/डिस्प्ले**

**घरजग्गा बिक्रीमा**

४५ लाखमा लुभु बसपार्क नजिक सिरुटार ठिमी जाने मेनरोडमा ६ आना जग्गा: ९७६७२४२३५४

स्वयम्भु भगवानपाउको अत्याधुनिक घर तुरुन्तै बिक्रीमा ९८०६६५८८००, ९८०३८२२२७२

काठमाडौं गोलढुंगाको तुरुन्तै बिक्रीमा: ९७६७६५५२९५, ९८०३२३१८७६

**मोटरसाइकल हरायो**

मिति २०८२/०७/०२ गते बिहानको अन्दाजी ६:०० बजेपछि का.जि.का.म.न.पा वडा नं. २६, नर्सिङ्चोकमा पार्किङ्ग गरि राखेको अवस्थामा कालो निलो रंगको बा.प्र. ०२-५७ प. ३६०१ नम्बरको हुलास अटो कम्पनीको मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

*सवारी धनी: बिक्रम मोक्तान*
*इन्जीन नं.:* DKXCSM 12093
*च्यासिस नं.:* MD2A13EX5SCM 81271
*ठेगाना: मरिन गा.पा.-७, जिल्ला सिन्धुली*
*फोन:* ९८२०२६२७९८

**Embassy of India Kathmandu**

**NOTICE FOR INVITING BIDS**

1. Embassy of India, Defence Wing, Welfare Branch, Kathmandu invites sealed and separate tenders under '**Two Bid System**' (Technical and Financial Bid in two separate closed envelopes) from established/ reputed/registered firms/vendors for installation of Elevator System at Welfare Branch, Embassy of India, Kathmandu, Thamel.
2. Interested parties meeting the above requirements are requested to contact Welfare Branch, Defence Wing, Embassy of India, Kathmandu during office hours (10 AM to 5 PM) from **08 Nov 2025** onwards for obtaining scope of works / evaluation criteria and collection of RFP / tender from. Further information available on website www.indianembassy.org.np or through contact numbers 014518064, 014513785.
3. The last date for receipt of sealed bids will be on 28 Nov 2025 (1700h). The Embassy of India, Kathmandu reserves the right to reject / cancel any or all bids without assigning any reasons.

Asst Military Attaché (Welfare)
Embassy of India
Kathmandu, Nepal

**रिज लाइन इनर्जी लिमिटेड**

**रजिष्टर्ड कार्यालयः ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १, ललितपुर**
**फोन नं. ०१-५९००११४**
ईमेलः **info@ridgeline.com.np**, वेभसाईटः **www.ridgeline.com.np** को

**सावरी साधनहरुको लिलाम शिलबन्दी बोलपत्रको माध्यमबाट विक्री गर्ने सूचना**

**प्रकाशित मिति २०८२/०७/२२**

यस कम्पनीको मिति २०८२/०७/१४ मा सम्पन्न सञ्चालक समितिको १०३ औं बैठकको निर्णय अनुसार यस कम्पनीको नाममा रहेको देहाय बमोजिमका सवारी साधन (मोटरसाईकल)हरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएको हुनाले यो सूचना प्रकाशन गरी ईच्छुक व्यक्ति, फर्म र कम्पनीहरुलाई उक्त सवारी साधनहरु के कति मुल्य (न्यूनतम मूल्य भन्दा कम नहुने गरि) मा खरिद गरी लिने हो सो खुलाई यो सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र शिलबन्दी बोलपत्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दाखिल गर्नु हुन ईच्छुक सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सुचना प्रकाशित भएको मितिले २२ औं दिन कम्पनीको रजिष्टर्ड कार्यालयमा विहान ११:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित सबै ईच्छुक बोलपत्रदाता अनुरोध छ । उक्त सवारी साधन खरिदका लागि न्यूनतम मूल्य भन्दा कम मूल्य राखिएमा त्यस्तो बोलपत्र स्वतः रद्द हुनेछ । लिलाम हुने सावरी साधनहरु हेर्न बुझ्न चाहनेले कार्यालय समय बिहान १०:०० बजे देखि अपरान्ह ३:०० बजेसम्म कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।

| लिलाम हुने सवारी साधानहरु | मोडल | ईन्जिन नं. | चेसिस नं. | सवारी दर्ता नं. | न्यूनतम मूल्य |
|---|---|---|---|---|---|
| मोटरसाईकल (Black Color) | यामाहा | G3J3E0532/96 | ME/RG44/BL0089736 | बागमति प्रदेश ०२ ०२०प ८११२ | रु. २८,०००/- |
| मोटरसाईकल (Gray Color) | होण्डा | ICC20E81054651 | ME41CC207DJ8013130 | बा ९५ प १८६२ | रु. १४,०००/- |